
# आपूर्ति मन्त्रालयको कार्यभार प्रधानमन्त्रीलाई

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारीले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार प्रधानमन्त्री शेरबहादुर देउवाले सम्हाल्ने गरी तोक्नुभएको छ ।

मौजूदा मन्त्रिपरिषद्का उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गजेन्द्रबहादुर हमालले पदबाट राजिनामा दिनुभएकाले प्रधानमन्त्रीको सिफारिसमा उक्त मन्त्रालयको जिम्मेवारी तोकिएको राष्ट्रपति कार्यालयद्वारा सोमबार जारी विज्ञप्तिमा जनाइएको छ ।रासस

# ‘निष्ठाको राजनीति हराउँदै गयो’

चितवन । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले निष्ठा र इमान्दार व्यक्तिका हातमा नेतृत्व आउनुपर्ने बताउनुभएको छ । कांग्रेस भरतपुर महानगरपालिका-१० ले सोमबार आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले पछिल्ला समय निष्ठाको राजनीति हराउँदै गएकामा चिन्ता व्यक्त गर्नुभयो ।



उहाँले भन्नुभयो, “म सबै इमान्दार साथी एकठाउँमा उभिन आग्रह गर्दछु । जनताको मन जितेर राजनीति गर्नुपर्छ ।” पार्टीको तलदेखि माथिसम्म निष्ठा र इमान्दार व्यक्तिले नेतृत्व गरेर नयाँस्वरुप दिनुपर्नेमा उहाँको जोड थियो । सो अवसरमा नेपाली कांग्रेस चितवनका सभापति जीतनारायण श्रेष्ठले पार्टीको निर्वाचनँगै तीनै तहको निर्वाचन हुने भएकाले आन्तरिक निर्वाचनको प्रभाव नपर्ने गरी प्रतिस्पर्धामा उत्रनुपर्ने बताउनुभयो । वडा सभापति गणेश गुरुङका अध्यक्षतामा भएको कार्यक्रममा जिल्लाका पूर्व सभापति, पदाधिकारीलगायत नेता कार्यकर्ताको उपस्थिति थियो ।रासस

# पोखरा अन्तरराष्ट्रिय विमानस्थलको निर्माणप्रति प्रधानमन्त्री खुसी

गण्डकी । प्रधानमन्त्री शेरबहादुर देउवाले पोखरा महानगरपालिका-१४ छिनेडाँडामा निर्माणाधीन पोखरा अन्तरराष्ट्रिय विमानस्थलको निर्माण कार्यप्रति सन्तुष्टि व्यक्त गर्नुभएको छ ।

राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको निर्माणाधीन विमानस्थलको सोमबार निरीक्षण पश्चात संक्षिप्त प्रतिक्रिया दिँदै उहाँले कोरोनाका समयमा पनि भइरहेको निर्माणले आँफुलाई खुसी लागेको बताउनुभएको हो ।

विमानस्थल सञ्चालनमा ल्याउन समस्याका रुपमा रहेको विमानस्थलको दक्षिणतर्फस्थित रिट्ठेपानी डाँडा काट्ने काम अघि बढाउन सरकारले सहजीकरण गर्ने प्रधानमन्त्रीले बताउनुभयो । उहाँले भन्नुभयो, “विमानस्थलको भौतिक प्रगतिप्रति म खुसी छु, डाँडा कटानका लागि सरकारले सहजीकरण गर्छ ।”



प्रधानमन्त्री देउवालाई पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थल आयोजना निर्देशक प्रदीप अधिकारीले हालसम्मको भौतिक प्रगति तथा निर्माणका क्रममा आइपरेका समस्याका बारेमा जानकारी गराउनुभयो । उहाँका अनुसार हालसम्म ८५ प्रतिशत निर्माणकार्य सम्पन्न भएको छ ।

पूर्ववत् सम्झौताअनुसार गत साउनमा सम्पन्न हुनुपर्ने उक्त आयोजना विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) का कारण निर्धारित समयमा पूरा हुन नसकेको हो । विमानस्थल आयोजना प्रमुख विनेश मुनकर्मीले आयोजनाको म्याद एक वर्ष थप भएकाले यस अवधिमा सबै काम सम्पन्न भएर विमानस्थल सञ्चालनमा ल्याउने तयारी रहेको जानकारी दिनुभयो ।

विमानस्थलको दुई हजार ५०० मिटर लामो धावन मार्ग (रनवे) गत वर्ष नै सम्पन्न भएको थियो । टर्मिनल भवन, एटिसी टावर, ह्याङ्गर लगायतका १४ वटा भवन निर्माण कार्य सम्पन्न भएर साजसज्जा र विद्युत तथा उपकरण जडान गर्ने काम भइरहेको छ ।

यसैगरी ट्याक्सी-वे, ह्याङ्गर, एप्रोन, पार्किङ निर्माणलगायतका काम सम्पन्न भएको आयोजनाले जनाएको छ । विमानस्थलको मुख्य प्रवेशद्वारको सडक निर्माण सम्पन्न भएर सडकको बीच भागमा सडक बत्ती जडान गरिएको छ ।

जग्गा अधिग्रहणको ९९ प्रतिशत कार्य सकिएको बताइन्छ । विमानस्थल तीन हजार ८९९ रोपनी क्षेत्रफलमा फैलिएको छ । रु २२ अर्बको लगानीमा चीनको सिएएमसी ईञ्जिनिरिङ कम्पनीले विमानस्थल निर्माण गरिरहेको छ । विमानस्थलका लागि विसं २०३१ मा छिनेडाँडाको तीन हजार १०० रोपनी जमिन अधिग्रहण गरिएको थियो ।

प्रधानमन्त्रीको निरीक्षणका क्रममा आयोजनाका तर्फबाट रिट्ठेपानी डाँडा कटान, ल्याण्डफिल साइट र आयल निगमको डिपो निर्माण आदि काममा ढिलाइलगायतका विषयमा बुँदागतरुपमा जानकारी गराइएको आयोजना प्रमुख मुनकर्मी बताउनुभयो ।

उहाँले भन्नुभयो, “एप्रोचमा पर्ने रिठेपानी डाँडा कटान, ल्याण्डफिल साइट र आयल डिपो र वर्षातको समयमा नहरको पानीको समस्या समाधान गर्न ठोसरुपमा काम अघि बढ्न सकेको छैन, यसका सम्बन्धमा प्रधानमन्त्रीज्यूलाई ध्यानाकर्षण गराएका छौँ ।” निरीक्षणका क्रममा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्था मन्त्री मणिभद्र शर्मा कंडेल, भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्री कुमार खड्का, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठ, कास्की कांग्रेसका सभापति कृष्ण केसीलगायतको उपस्थिति थियो ।

प्रधानमन्त्री देउवा विमानस्थको निरीक्षणपछि राजधानी काठमाडौं फर्कनुभएको छ । उहाँ आइतबार साक्षर गण्डकी प्रदेश घोषणा कार्यक्रममा सहभागी बन्न पोखरा आउनुभएको थियो । पोखरा बसाइका क्रममा उहाँले उक्त कार्यक्रमका साथै नेपाली कांग्रेसले आयोजना गरेको शुभकामना आदानप्रदान तथा कार्यकर्ता भेटघाटमा व्यस्त हुनुभयो ।

# प्रतिनिधिसभाद्वारा रेल्वे विधेयक फिर्ता

काठमाण्डु । प्रतिनिधिसभाको सोमबारको बैठकले राष्ट्रियसभामा उत्पत्ति भई प्रतिनिधिसभामा विचराधीन रहेको ‘रेल्वे विधेयक, २०७६’ बहुमतले फिर्ता लिएको छ ।

बैठकमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेनुकुमारी यादवले उक्त विधेयक फिर्ता लिने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । राष्ट्रियसभाको सोमबारको बैठकले उक्त विधेयक फिर्ता लिन सहमति प्रदान गरेपछि विधेयक फिर्ता भएको हो । यही असोज २२ गतेको बैठकले उक्त विधेयक फिर्ता लिनका लागि सहमति माग गर्दै राष्ट्रियसभामा सिफारिस गरेको थियो ।



बैठकमा ‘मधेसी आयोगको तेस्रो वार्षिक प्रतिवेदन (आव २०७७/७८)’ पेश भएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट कानून, न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्रप्रसाद बडूले उक्त प्रतिवेदन बैठकमा पेश गर्नुभएको हो ।

यसअघि बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद् गठनसम्बन्धी प्राप्त पत्रको व्यहोरा पढेर सुनाउनु भएको थियो । प्रतिनिधिसभाको सोमबारको बैठकमा पनि सदाझैं प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले अवरोध कायमै राखेको थियो ।

बैठक प्रारम्भ हुने वित्तिकै एमालेका सांसदले नाराबाजी गर्दै रोस्ट्रम घेरेका थिए । उनीहरुले नाराबाजीको क्रममा संसदीय मर्यादा कायम गर्न माग गरेका थिए । आइतबार रुपन्देहीको मोतिपुरमा भएको झडप र त्यसबाट भएको जनधनको क्षतिप्रति पनि एमाले सांसदले विरोध गरेका छन् । आफ्नो पार्टीले कारबाही गरेका सांसद पदमुक्त भएको सूचना सभामुखले टाँस नगरेको भन्दै एमालेले प्रतिनिधिसभाको नवौँ अधिवेशन सुरु भएदेखि नै संसद् बैठक अवरोध गर्दै आएको छ । बैठक अवरोध हुँदा संसद्का काम कारबाही प्रभावित भएको भन्दै सभामुख सापकोटाले बैठकलाई व्यवस्थितरुपमा सञ्चालन गर्न पटक-पटक आह्वान गर्नुभएको थियो । प्रतिनिधिसभाको अर्को बैठक आगामी कात्तिक ९ गते अपराह्न ०१:०० बजे बस्नेछ ।रासस

# राप्रपा जिल्ला अधिवेशनको समयावधि कात्तिक १४ सम्म

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले जिल्ला अधिवेशनको समयावधि आगामी कात्तिक १४ गतेसम्म तोकेको छ । आगामी कात्तिक २७ देखि ३० गतेसम्म हुन लागेको महाधिवेशनका सन्दर्भमा सक्रिय सदस्यता वितरणको समयावधि कात्तिक १० गतेसम्मका लागि थप गरेको नेता राजाराम श्रेष्ठले जानकारी दिनुभयो । प्रदेशसभा निर्वाचन क्षेत्रमा सक्रिय सदस्यबाट महाधिवेशन प्रतिनिधिको निर्वाचन कात्तिक ११ देखि १७ गतेसम्म गरिने छ । सात प्रदेश कार्यसमितिको अधिवेशन कात्तिक २३ गतेसम्म सम्पन्न गरिने जनाइएको छ ।

जिल्लाका हकमा सक्रिय सदस्यता वितरण तथा डिजिटल इन्ट्रि गर्ने म्याद कात्तिक १५ गतेसम्म, प्रदेशसभा निर्वाचन क्षेत्रमा सक्रिय सदस्यबाट महाधिवेशन प्रतिनिधिको निर्वाचन कात्तिक १७ गतेसम्म र जिल्ला अधिवेशन कात्तिक २३ गतेसम्म सम्पन्न गरिने छ ।रासस

# हटेन राष्ट्रियसभा बैठकको अवरोध

काठमाण्डु । राष्ट्रियसभाको बैठक सदा झै सोमबार पनि प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) ले अवरुद्ध कायमै राखेको छ । राष्ट्रियसभाको आजको बैठक प्रारम्भ हुने वित्तिकै एमालेका सांसदले उभिएर विरोध जनाएपछि सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले नेकपा (एमाले) का मुख्य सचेतक खिमलाल भट्टराइलाई आफ्नो भनाइ राख्न समय दिनुभयो ।



मुख्य सचेतक भट्टराईले वर्तमान सरकारका गठबन्धनमा सहभागी दलले अघिल्लो सरकारविरुद्ध गैर राजनीतिक र कुर्सी मोहका कारण मुद्दा दायर गरेको जनाउँदै त्यसको औचित्य अहिले आएर पुष्टि भएको दाबी गर्नुभयो ।

उहाँले भन्नुभयो,“विगतको सरकारविरुद्ध गठबन्धनले अदालतमा मुद्दा हाल्दा जनमानसमा संविधानको रक्षाकै लागि हो कि भन्ने भान भए तापनि अहिले आएर प्रष्ट भएको छ ।” उहाँले एमालेलाई कमजोर बनाउने तथा विभाजनकै निम्ति दल विभाजनसम्बन्धी अध्यादेश ल्याइएको आरोप पनि लगाउनुभयो ।

उहाँले वर्तमान सरकारले आयस्रोत नखोज्ने गरी कालो धनलाई सेतो बनाउने दिशातर्फ लागेको समेत आरोप लगाउनुभयो । मुख्य सचेतक भट्टराइले केही समय अगाडि दार्चुलाका जयसिंह धामीको मृत्युका विषयमा सरकार मौन रहनुको कारणबारे प्रश्न उठाउनुभएको थियो ।

उहाँले गृहमन्त्री बालकृष्ण खाँडको गृह जिल्ला रुपन्देहीमा आइतबार सुकुम्बासीमाथि प्रहरीले गोली चलाउँदा चार जनाको मृत्यु भएको घटनाको भर्त्सना गर्नुभयो । भट्टराइले उक्त घटनाको निष्पक्ष छानबिन, घाइतेको निःशुल्क उपचारको व्यवस्था र मृतक परिवारलाई क्षतिपूर्तिको माग गर्नुभयो । उहाँले केपी शर्मा ओली नेतृत्वको सरकारले बनाएको भूमिसम्बन्धी आयोगले भूमिहीनलाई लालपूर्जा वितरण गर्न लागेको समयमा आयोग खारेज गरिएको आरोप पनि लगाउनुभयो ।रासस

# सनातन विद्वत् परिषद्को अध्यक्षमा दीर्घराज

काठमाण्डु । सनातन विद्वत् परिषद्को अध्यक्षमा प्रा डा दीर्घराज घिमिरे निर्विरोध निर्वाचित हुनुभएको छ । विसं २०७३ मा अनौपचारिक मञ्चका रुपमा काम सुरु गरेको परिषद् गत वर्ष जिल्ला प्रशासन कार्यालय काठमाण्डुमा सामाजिक एवं आध्यात्मिक संस्थाका रुपमा विधिवत् दर्ता भएपछि नवरात्रको अवसर पारेर पहिलो साधारणसभा गरिएको हो । साधारणसभाले नेपाल संस्कृत विश्वविद्यालयमा लामो समय सेवा गर्नुभएका घिमिरेलाई निर्विरोध निर्वाचित गरेको हो ।

परिषद्को उपाध्यक्ष त्रयमा प्रा डा भवानीप्रसाद खतिवडा, प्रा डा देवमणि भट्टराई र सहप्राध्यापक माधवप्रसाद पाण्डेय पनि निर्विरोध निर्वाचित हुनुभएको हो । यसैगरी सचिवमा डा रुद्रानन्द ब्रह्मचारी, सहसचिव उपप्राध्यापक सुदर्शन नेपाल, कोषाध्यक्षमा प्रा डा आनन्दप्रसाद घिमिरे निर्वाचित हुनुभएको छ । परिषद्को सदस्यमा डा गोविन्दशरण उपाध्याय, डा कान्ता भट्टराई, उपप्राध्यापक वैकुण्ठ घिमिरे, उपप्राध्यापक उपेन्द्र दाहाल, आचार्य विष्णुप्रसाद पोखरेल र रामकृष्ण उपाध्याय निर्वाचित हुनुभएको छ ।

परिषद्ले वैदिक सनातन हिन्दू धर्मको संरक्षण र सम्वर्द्धनमा काम गर्दै आएको छ । संस्थाले धर्म, संस्कृतिका विभिन्न विषयमा हुने विवादलाई शास्त्रीय प्रमाणका आधारमा शास्त्रार्थका माध्यमबाट निष्कर्षमा पुऱ्याउँदै आएको छ ।रासस


## बरियारपट्टी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### बरियारपट्टी, सिरहा
प्रदेश नं. २, नेपाल

## बोलपत्र आव्हानको सुचना

प्रकाशित मिति : २०७८/०६/२५

यस बरियारपट्टी गाउँपालिकाको आ.व. २०७८/०७९ मा तपसिल बमोजिमकाको कार्य सिलबन्दी बोलपत्र द्वारा गर्नु पर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायी बाट निम्न शर्तहरुको अधिनमा रही रीत पुर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको व्यहोरा इच्छुक सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल :-

| सि.नं. | ठेक्का नं. | कामको विवरण | कार्यान्वयन स्थान | लागत अनुमान रकम रु. (मु.अ.क. सहित र कन्टिनजेनसी बाहेक) | बोलपत्र फारम दस्तुर | जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | BRM/18/ 2078/079 | खानेपानी आयोजना अन्तर्गत ह्यान्ड पाईप खरिद र वितरण कार्यक्रम | बरियारपट्टी गाउँपालिका | ५६९३२१२।९०/- | ३०००/- | १५५०००/- | |
| २ | BRM/19/ 2078/079 | अधुरो PCC ढलान बरियारपट्टी | बरियारपट्टी टोल अन्तर्गत | २९२१८७९।३०/- | ३०००/- | ८००००/- | |

१. बोलपत्र पुस्तिका मिति २०७८/०७/२६ गते सम्म चालु आ.ब. का लागि नविकरण भएको ईजाजतपत्र, आयकर र मु.अ.कर दर्ता तथा आ.व. २०७६/०७७ सम्मको कर चुक्ता भएको प्रमाणपत्र संग्लन राखि लिखित निवेदन साथ उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरि इच्छुक बोलपत्र दाताले यस कार्यालयबाट कार्यालय समय सम्म बोलपत्र काग्जात खरिद गर्न सकिनेछ वा बिद्युतीय (Electronically) बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाताले तोकिएको बमोजिम बोलपत्र दस्तुर फिर्ता नहुने गरि प्रभु बैंक बरियारपट्टी शाखाको खाता नं. १४७०११६०८२६००१६६ मा जम्मा गरि वा अन्य बैंक वा वितिय संस्थाबाट उक्त खातामा जम्मा हुने Tele transfer गरि PPMO को Website http/www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्रहरु सिलबन्दी गरि मिति : २०७८/०७/२८ गतेको १२:०० बजे भित्र यस कार्यालयको संबोधन गरी ठेक्का नं. कामको विवरण, बोलपत्र दाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहा छाप गरी यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । ई-बिड मार्फत पेश गर्ने निर्माण व्यवसायीरुले PPMO को Website http/www.bolpatra.gov.np/egp मा भएको प्रावधान अनुसार बोलपत्र पेश गर्न सकिनेछ । साथै बिद्युतीय माध्यम बाट बोलपत्र पेश गर्ने बोलपत्र दाताले बोलपत्र खोलेको मितिले ७ दिनभित्र प्रमाणित काग्जात पेश गर्नु पर्ने छ ।

३. म्याद र समय भित्र दर्ता भएका बोलपत्रहरु (ई-बिड समेत) मिति : २०७८/०७/२८ गते दिनको ०२:०० बजे बरियारपट्टी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. बोलपत्र साथ धरौटी वापत तोकिए बमोजिमको रकम बरियारपट्टी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको प्रभु बैंक बरियारपट्टी शाखाको कार्यालय कोड नं. ८०२१६५०५३०० धरौटी खाता नं. १४७०११६०८२६०००४६ बोलपत्र दाताले खरिद गरिएको बोलपत्र कागजात सहित प्रभु बैंक बरियारपट्टी शाखा, मा रहेको तपसिलको खाता नं. मा नेपाल बैंकबाट “क” वर्गको इजाजत प्राप्त बैकबाट बोलपत्र फारम दस्तुर र कम्तीमा बोलपत्र प्रकाशित मितिले १२० दिन अवधि भएको विडबन्ड वा जमानत रकम जम्मा गरिएको भौचर पेश गर्नु पर्ने छ ।

५. बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलि पल्ट कार्यालय खुल्ने दिन माथि उल्लेखित गरिएको समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र जमानतको मान्य अबधि भने साविक कै मिति देखि गणना गरिनेछ ।

६. कुनै वा सवै बोलपत्र पुरै वाआशिंक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सवाधिकार यस कार्यालयमा निहित रहनेछ ।

७. शिलबन्दी नगरि प्राप्त भएको वा प्रचलित कानुन बमोजिम रित नपुगेको बोलपत्र स्वीकार गरिने छैन ।

८. रितपुर्वक दर्ता भएका बोलपत्रहरु प्रचलित कानुन बमोजिम तोकिएका बोलपत्र दाताको प्रतिनिधिको रोहबरमा खोलिने छ । तोकिएको दिन बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थिती नभए पनी शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

९. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

१०. थप जानकारीका लागि यस कार्यालयमा वा इन्जिनियर श्री चन्दन यादव, मो. नं. ९८४२८६९८९१ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

११. बोलपत्र स्वीकृत भई सम्झौता भए पछि सम्झौतामा उल्लेखित समय भित्र कार्य सम्पन्न गर्न/गराउनु पर्ने छ । स्वीकृत फर्म वा सप्लायर्सले तोकिएको म्याद भित्र कार्य समपन्न नगरेमा धरौटी जफत गरि कार्यालय अर्को व्यवस्था मिलाइने छ ।

१२. बोलपत्र दाताले नेपाल सरकारको कानुन बमोजिम लाग्ने कर भन्सार शुल्क स्वयंले तिर्नु पर्नेछ । यस कार्यालयबाट कर छुटको लागि कुनै सिफरिस गर्ने छैन ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**